**प्रशासन** माघ २०७९, वर्ष ५४, अङ्क १, पूर्णाङ्क १३६, २६-३८
© २०७९ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v54i1.53216
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# आर्थिक कूटनीतिः अवधारणा र अभ्यास

**खगनाथ अधिकारी***

## लेखसार

शक्ति र सम्पत्तिको पारस्परिक अन्तर्परिवर्तन अर्थात् कूटनीतिक कौशलद्वारा अन्तर्राष्ट्रिय जगतसँग आफ्नो राष्ट्रको आर्थिक हित प्रवर्धन गर्न वा आर्थिक शक्तिको प्रयोगद्वारा कूटनीतिक उद्देश्यहरू प्राप्त गर्न सञ्चालन गरिने गतिविधिहरूको समग्र रूप आर्थिक कूटनीति हो । यसको माध्यमबाट देशको अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय अर्थव्यवस्थासँग तादात्म्य र सामञ्जस्य कायम गर्ने तथा अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध अवसरहरूलाई राष्ट्र हितमा प्रयोग गर्ने एवम् राष्ट्रिय हित अनुकूल परिस्थिति सिर्जना गर्ने प्रयत्न गर्दछ । व्यापार घाटा न्यूनीकरण, निर्यात प्रवर्धन, आयात प्रतिस्थापन, पर्यटन क्षेत्रको प्रवर्धन, वैदेशिक रोजगारी, सरकारी विकास सहायताको परिचालन, गैरआवासीय नेपालीहरूको ज्ञान, सिप, प्रविधि र पुँजी राष्ट्रिय विकासमा उपयोग एवम् वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण लगायतका क्षेत्रमा आर्थिक बिक्री कौशल, आर्थिक र व्यापारिक सञ्जालको निर्माण, यथेष्ट प्रचारप्रसार, छवि निर्माण र वकालतका लागि आर्थिक कूटनीतिको कुशलतापूर्वक संयोजन र सञ्चालन गर्न आवश्यक छ ।

***शब्दकुञ्जी:*** *अन्तर्राष्ट्रिय सहयोग, आर्थिक विकास, विकास कूटनीति, लागानी, सार्वजनिक र निजी क्षेत्रको सहकार्य*

## विषयप्रवेश

आर्थिक कूटनीति भन्नाले राष्ट्रको आर्थिक र व्यापारिक उत्थानको लागि सञ्चालन गरिने कूटनीतिक गतिविधि बुझिन्छ । आर्थिक कूटनीति वर्तमान विश्वमा कूटनीतिका प्रमुख आयामहरूमध्येको एक आयाम हुन पुगेको छ । अन्तर्राष्ट्रिय जगतसँग जोडिएका राष्ट्रका आवश्यकता र प्राथमिकता प्राप्त वा पूर्ति गर्ने माध्यम कूटनीति हो । कूटनीतिलाई सम्बन्धित क्षेत्रसँग जोडेर नामकरण गर्ने प्रचलन छ । उदाहरणार्थ साँस्कृतिक कूटनीति, सैनिक कूटनीति, खेलकुद कूटनीति आदि । त्यसैगरी, कुनै पनि राष्ट्रले द्विपक्षीय वा

* *वरिष्ठ अनुसन्धानकर्ता, नीति अनुसन्धान प्रतिष्ठान*

*इमेलः knadhikari@yahoo.com*

बहुपक्षीय रूपमा अन्तर्राष्ट्रिय क्षेत्रसँग गर्ने आर्थिक क्रियाकलाप वा गतिविधिहरू आर्थिक कूटनीतिको परिधिभित्र पर्दछन् ।

अतिकम विकसित हैसियत, कमजोर आर्थिक आधार, पुँजी र प्रविधिको अभाव आदिले गर्दा मुलुकको सर्वाङ्गीण विकासको लागि सफल र प्रभावकारी आर्थिक कूटनीति अनिवार्य बन्न पुगेको छ । अतिकम विकसित राष्ट्रको श्रेणीबाट स्तरोन्नतिपश्चात् नेपालले उक्त हैसियतले व्यापारमा पाइआएको सुविधा र अन्य थुप्रै अन्तर्राष्ट्रिय सहयोग र सुविधाहरू (International Support Measures) पनि गुमाउने छ । त्यसैले स्तरोन्नति भएपछि पनि आइपर्ने समस्याहरूको समाधान गर्न थप मेहनत गर्नुपर्ने, थप साधन र स्रोत जुटाउनुपर्ने एवम् बढी आत्मनिर्भर हुनुपर्ने जिम्मेवारी नेपालको काँधमा आइपरेको छ । नीति अनुसन्धान प्रतिष्ठानबाट सम्पन्न गरिएको Preparing for Nepal's Graduation from the LDC Category विषयक अध्ययनले पनि स्तरोन्नतिको लागि तयारी गर्न अन्य कुराहरूका अतिरिक्त अन्तर्राष्ट्रिय सहयोगको प्रभावकारी परिचालन गर्नुपर्ने आवश्यकता औँल्याएको छ (Acharya and Adhikari, 2021) । सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्न, नेपाली जनताका आवश्यकता, सपना र आकाङ्क्षाअनुरूप विकासमा फड्को मार्न आर्थिक वृद्धि हासिल गर्नुछ । नवीन परिस्थितिको सफलतापूर्वक सामना गरी उपलब्ध हुने तमाम अवसरहरूबाट फाइदा उठाउन पनि हाम्रो आर्थिक कूटनीति सशक्त र प्रभावकारी हुनु अनिवार्य छ।

## आर्थिक कूटनीति

उलकक र बायनले आर्थिक कूटनीतिलाई "अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धलाई प्रभाव पार्ने प्रमुख विषयहरूका सम्बन्धमा गरिने वार्ता र निर्णय प्रक्रिया" को रूपमा परिभाषित गरेका छन् (Woolcock & Bayne, 2013)। बेरिज र जेम्सले आर्थिक कूटनीतिलाई आर्थिक नीतिसम्बन्धी प्रश्नहरूसँग सम्बन्धित विषयको रूपमा व्याख्या गर्दै परराष्ट्र नीतिका उद्देश्यहरू प्राप्त गर्नको लागि आर्थिक स्रोतको प्रयोग (पुरस्कार वा प्रतिबन्ध) हो भनेका छन् (Berridge and James, 2003)। त्यसैगरी परराष्ट्र नीतिका खास कार्यसूचीहरू कार्यान्वयन गर्दा राष्ट्रहरूबिच आर्थिक विषयमा उत्पन्न हुने तनाव र विवाद समाधान गर्ने शान्तिपूर्ण क्रियाकलाप नै आर्थिक कूटनीति हो भनेका छन् (Kejin, 2011)। अन्तर्राष्ट्रिय वार्ताहरूमा राष्ट्रिय समृद्धिको लागि गरिने राजनीतिक शक्तिको प्रयोग तथा राजनीतिक शक्ति प्राप्त गर्न गरिने आर्थिक शक्तिको प्रयोग नै आर्थिक कूटनीति हो (Okano-Heijmans, 2011)। झाङ् स्याओतोङ्गको आर्थिक कूटनीतिको परिभाषा चित्तबुझ्दो र सटिक छ । उनी भन्छन्: आर्थिक कूटनीति भनेको शक्ति र सम्पत्तिको पारस्परिक अन्तर्परिवर्तन (Conversion of Power and Wealth) हो (Xiaotong, 2017) । आफूसँग भएको शक्ति (स्रोत समेत) को प्रयोग गरेर सम्पत्ति वृद्धि गर्ने र सम्पत्तिको प्रयोग गरेर शक्ति वृद्धि गर्ने । आर्थिक कूटनीतिको चुरो यही नै हो । यहाँ शक्ति भन्नाले सैनिक शक्ति मात्र नभई अन्य

स्रोतहरू, जस्तै राजनीतिक प्रभाव, गठबन्धन, सौम्य शक्ति (Soft Power), क्षेत्रीय सङ्गठन, अन्तर्राष्ट्रिय कानुन आदिबाट राष्ट्रलाई प्राप्त हुने बललाई पनि जनाउँछ ।

झाङ्गले आर्थिक कूटनीतिको लागि दुई ओटा संयन्त्र सुझाएका छन् । पहिलो, विषयहरूको संयोजन (Linkage) हो भने दोस्रो पारस्परिकता (Reciprocity) । विषयहरूको संयोजन भन्नाले आफ्नो सामर्थ्यलाई अर्काको कमजोरी वा संवेदनशीलतासँग जोड्नु हो । उदाहरणार्थ अमेरिकाले चीनलाई दिनसक्ने व्यापारिक तथा अन्य सुविधालाई चीनमा मानव अधिकारको अवस्थासँग जोडेको छ । यस्ता संयोजनहरू संसारका धेरै मुलुकहरूले प्रयोग गर्ने गरेका छन् । पारस्परिकता भनेको "जस्तालाई तस्तै"को नीति हो। अर्काले आफूलाई सुविधा दिए आफूले पनि सुविधा दिने; अप्ठेरो पारे आफूले पनि अप्ठेरो पार्ने नीति नै पारस्परिकता हो । आर्थिक कूटनीतिमा मात्र होइन समग्र कूटनीतिमै यी औजारहरू प्रशस्त मात्रामा प्रयोग भइआएका छन् ।

यी दुवै औजारहरू अर्थात् संयोजन (Linkages) र पारस्परिकता (Reciprocity) धेरै हदसम्म शक्तिशाली राष्ट्रहरूका लागि उपयोगी हुन्छन्। नेपाल जस्ता गरिब र विकासोन्मुख राष्ट्रहरूको लागि अरु नै उपायहरूलाई प्राथमिकता दिनु श्रेयस्कर हुने देखिन्छ । यस्ता उपायहरूमा प्रभावकारी प्रचारप्रसार, सौम्य शक्ति (Soft Power) को उपयोग, कूटनीतिक कौशल, निर्यातयोग्य वस्तु र सेवाहरूको उत्पादन र ब्राण्डिङ्ग, द्विपक्षीय र बहुपक्षीय मञ्चहरूमा सक्रिय र प्रभावकारी सहभागिता, द्विपक्षीय र बहुपक्षीय स्तरमा विध्यमान अवसरहरूको लाभकारी उपयोग आदि पर्दछन् । तर, सम्बन्ध सुधार्ने नाममा आफ्नो हित र हक अधिकार छोडी आफूले पाउनुपर्ने अवसरहरूबाट वञ्चित भैरहनु भने बुद्धिमानी होइन । तसर्थ, अवस्था र परिस्थिति हेरी संयोजन र पारस्परिकताको अवलम्बन आवश्यक पनि हुन जान्छ ।

आर्थिक कूटनीतिले आर्थिक क्षमतालाई साधन र कूटनीतिका अन्य उद्देश्यहरूलाई साध्यको रूपमा उपयोग गर्दछ भने अर्कोतर्फ आर्थिक पक्षलाई साध्य बनाउँछ । आर्थिक लक्ष्य प्राप्त गर्न कूटनीतिक कौशलको उपयोग (Diplomacy for Economy) तथा कूटनीतिक उद्देश्य हासिल गर्न आर्थिक क्षमताको उपयोग (Economy for Diplomacy) नै आर्थिक कूटनीति हो । आर्थिक शक्तिसम्पन्न राष्ट्रहरूले आफ्नो आर्थिक शक्ति प्रयोग गरेर मुलुकका कूटनीतिक उद्देश्यहरू प्राप्त गर्ने प्रयास गर्न सक्छन् भने विकासोन्मुख राष्ट्रहरूले मुलुकको आर्थिक उद्देश्य प्राप्त गर्न कूटनीतिक कौशल र उपलब्ध अन्य उपायहरूको उपयोग गर्दछन् । वास्तवमा आर्थिक कूटनीति कुनै पनि राष्ट्रले अन्तर्राष्ट्रिय जगतसँग आफ्नो राष्ट्रको आर्थिक हित प्रवर्धन गर्न वा आर्थिक शक्तिको प्रयोगद्वारा अन्य उद्देश्यहरू प्राप्त गर्न सञ्चालन गर्ने गतिविधिहरूको समष्टिगत रूप हो । नेपालको सन्दर्भमा आर्थिक कूटनीति आर्थिक उत्थानको लागि कूटनीतिको उपयोग (Diplomacy for Economy) हो।

आर्थिक कूटनीतिको आन्तरिक पाटोले देशको अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय अर्थव्यवस्थासँग तादात्म्य र सामञ्जस्य कायम गर्न चाहिने व्यवस्था (कानुनी, उत्पादन, पूर्वाधार विकास समेत) मिलाउँछ भने बाह्य

पाटोले अन्तर्राष्ट्रियस्तरमा उपलब्ध अवसरहरूलाई राष्ट्रहितमा प्रयोग गर्ने एवम् राष्ट्रिय हित अनुकूल व्यवस्था मिलाउन प्रयत्न गर्दछ । आर्थिक कूटनीति सफलतापूर्वक सञ्चालन गर्न दुवै पाटाहरूको प्रभावकारी उपयोग आवश्यक पर्दछ । अर्थतन्त्रको उत्थान र विकासको लागि देशले बाह्य जगतसँग गरेका प्रतिबद्धताहरू तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विद्यमान कानुनी व्यवस्थाहरूसँग मेल खाने गरी आन्तरिक नीति निर्माण पनि आर्थिक कूटनीतिकै भाग हो । यथार्थमा आर्थिक कूटनीति राष्ट्रिय अर्थतन्त्र र अर्थनीतिका प्रावधानहरूको अन्तर्राष्ट्रिय अर्थव्यवस्थासँग सामञ्जस्य कायम गर्ने प्रयास हो ।

## आर्थिक कूटनीति किन ?

आजको भूमण्डलीकरणको युगमा आर्थिक कूटनीति कुनै पनि राष्ट्रको रुचि र छनौटको विषयभन्दा पनि आवश्यकता र बाध्यता हुन पुगेको छ । सफल आर्थिक कूटनीति सञ्चालन गर्न नसके मुलुकको आर्थिक उन्नतिमा अनेक बाधा उत्पन्न भई देश आर्थिक रूपमै पछि पर्दै जाने र अन्ततः विश्व अर्थव्यवस्थाबाटै अलग हुने खतरा आउन सक्छ।

१. भूमण्डलीकृत विश्वमा प्रतिस्पर्धा गरी सफल हुन सक्रिय आर्थिक कूटनीतिको विकल्प छैन ।
२. विश्वमा उपलब्ध साधन र स्रोतको प्रतिस्पर्धात्मक उपयोगबाट फाइदा लिन आर्थिक कूटनीति अपरिहार्य भएको छ ।
३. उपलब्ध सुविधाहरूको अधिकतम उपयोग गर्न, अन्य राष्ट्र र संस्थाहरूबाट सहयोग प्राप्त गर्न र अरुको विकासमा आफ्नो भूमिका निर्वाह गर्न पनि आर्थिक कूटनीति अनिवार्य माध्यम भएको छ।
४. व्यापार, लगानी, विकासका लागि सहयोग, ऋण मोचन आदि बारेका द्विपक्षीय र बहुपक्षीय मञ्चहरूमा हुने निर्णयहरूमा राष्ट्रिय हित अनुकूल व्यवस्था मिलाउन सक्रिय आर्थिक कूटनीति अनिवार्य हुन्छ।
५. बहुराष्ट्रिय कम्पनीहरूबाट फाइदा उठाउन तथा हुनसक्ने नकारात्मक असरबाट बच्न पनि फुर्तिलो आर्थिक कूटनीतिको आवश्यकता पर्दछ ।
६. पूर्वाधार निर्माण, वैदेशिक रोजगारी, निर्यात प्रवर्धन जस्ता आन्तरिक आवश्यकताको पूर्ति आर्थिक कूटनीति विना सम्भव छैन ।
७. साना र विकासोन्मुख राष्ट्रहरूको सामूहिक शक्ति बहुपक्षीय वार्ताहरूमा निर्णायक प्रभाव विकासोन्मुख राष्ट्रहरूको ऐक्यबद्धता सुदृढ गर्न र त्यस्ता अन्तर्राष्ट्रिय मञ्चहरूलाई उपयोग गर्न हस्तक्षेपकारी आर्थिक कूटनीतिको आवश्यकता पर्दछ ।
८. धेरै राष्ट्रहरूको सहकार्यबाट समाधान गर्न सकिने बहुराष्ट्रिय समस्याहरू जस्तै, आर्थिक मन्दी तथा अन्य सङ्कटहरूको समाधानार्थ सक्रिय आर्थिक कूटनीतिको आवश्यकता पर्दछ ।

९. नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरूको लागि निर्यात व्यापार र पर्यटन प्रवर्द्धन, वैदेशिक लगानी र प्रविधि हस्तान्तरण, वैदेशिक रोजगारी, विकास सहयोग आदि विषयहरू अत्यन्त महत्त्वपूर्ण छन् । यी विषयहरूको प्रवर्द्धन र परिचालनको लागि पनि आर्थिक कूटनीतिको निकै ठुलो महत्त्व छ ।

१०. विकास सहायता परिचालन तथा वैदेशिक लगानी, निर्यात व्यापार र पर्यटन प्रवर्धन लगायतका क्षेत्रमा प्रभावकारी आर्थिक कूटनीतिको सञ्चालनद्वारा राष्ट्रको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउन आर्थिक कूटनीति आवश्यक छ (MoFA, 2022)।

## आर्थिक कूटनीतिको ऐतिहासिक पृष्ठभूमि

आर्थिक कूटनीतिको इतिहास त्यति पुरानो छैन । वास्तवमा आर्थिक कूटनीतिको सुरुवात द्वितीय विश्वयुद्धको अन्त्यपछि भएको हो (Rana, 2017)। बरु वाणिज्य कूटनीति धेरै अघिदेखि सुरु भएको थियो। आर्थिक कूटनीति र वाणिज्य कूटनीति फरक फरक विषयहरू हुन् । यो भिन्नताको बारेमा यसपछिको भागमा चर्चा गरिएको छ । सोह्रौं शताब्दीमा युरोपेली मुलुकहरूले खोलेका वाणिज्य दुतावासहरू व्यापारीहरूले सञ्चालन गर्ने गर्दथे । सरकारी संलग्नता पछि मात्र सुरु भएको हो ।

दोस्रो विश्वयुद्धपछि सुरु भएको आर्थिक कूटनीति परराष्ट्र नीतिको अभिन्न र महत्त्वपूर्ण अङ्ग भएको धेरै भएको छैन । बेलायतमा सन् १९६४ को Plowden Report ले निर्यात प्रवर्द्धनलाई कूटनीतिको प्राथमिक कार्यको रूपमा पहिचान गरेको थियो (Plowden Report, 1964) भने भारतमा एन. आर. पिल्लाईको अध्यक्षतामा गठित समितिको सन् १९६६ को प्रतिवेदनले व्यापारलाई जोड दिएको थियो (Pillai Report 1966)। क्रमशः आर्थिक उदारीकरण, निजी क्षेत्रको विकास, अन्तर्निर्भरता, शीतयुद्धको अन्त्य जस्ता परिवर्तनका कारण आर्थिक कूटनीति अन्तर्राष्ट्रिय कूटनीतिको एक महत्त्वपूर्ण भागको रूपमा विकास हुँदै गएको छ ।

## आर्थिक कूटनीति र वाणिज्य कूटनीति

आर्थिक कूटनीति र वाणिज्य कूटनीति दुई छुट्टाछुट्टै क्षेत्रहरू हुन् । नेपालमा दुवै क्षेत्रहरूलाई आर्थिक कूटनीति भित्रै राखेर हेर्ने गरिए पनि आर्थिक कूटनीति र वाणिज्य कूटनीति क्षेत्रगत रूपमा र सरकारी भूमिकाको हिसाबले पनि फरक फरक विषयहरू हुन् । आर्थिक कूटनीतिका ज्ञाता मानिने भारतीय कूटनीतिज्ञ किशन सिंह रानाले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, व्यापार र विकासका लागि राष्ट्र सङ्घीय सम्मेलन (UNCTAD) जस्ता अन्तराष्ट्रिय सङ्घ संस्थाहरू, वैदेशिक सहयोग, प्रविधि हस्तान्तरण आदिसँग सम्बन्धित सम्झौताहरू, राष्ट्रको पहिचानमूलक प्रचार प्रसार अर्थात् ब्राण्डिङ र पर्यटन प्रवर्धन तथा आर्थिक विषयसँग सम्बन्धित संयुक्त आयोगहरू र व्यापारिक परिषद्हरू तथा व्यापारिक समूहहरू जस्ता क्षेत्रसँग सम्बन्धित विषयहरूलाई आर्थिक कूटनीतिअन्तर्गत राखेका छन् । त्यसैगरी, व्यापार प्रवर्धन, व्यापारिक समुदायसँगका सञ्जालहरू, स्वतन्त्र व्यापारिक क्षेत्र, क्षेत्रीय तथा अन्य व्यापारिक

सम्झौताहरू, विश्व व्यापार सङ्गठन एवम् अन्य प्रकारका बहुपक्षीय व्यापारसँग सम्बन्धित विषयहरू तथा वैदेशिक तथा अन्य लगानीसँग सम्बन्धित विषयहरू वाणिज्य कूटनीतिअन्तर्गत रहेका छन् (Rana, 2017)।

## नेपालको सन्दर्भ

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भएपश्चात् सन् १९९० पछि मात्र नेपालले आर्थिक कूटनीतिलाई औपचारिक रूपमै परराष्ट्र नीतिको एक अङ्गको रूपमा सञ्चालन गर्दै आइरहेको छ । त्यसो भनेर त्यसअघि आर्थिक कूटनीतिको क्षेत्रमा केही नभएको भने होइन । नेपाल र तिब्बतबिच अठारौं शताब्दीदेखि व्यापारिक सम्बन्ध रहेको इतिहासमा उल्लेख छ । त्यस्तै ऐतिहासिक कालमा नै नेपाल भारत र तिब्बतबिचको व्यापारिक केन्द्र (Entrepôt) को रूपमा विकास भएको थियो । आधुनिक नेपालको कुरा गर्ने हो भने पनि सन् १९५० को दशकदेखि नै नेपालले वैदेशिक सहायता परिचालन गर्दै आएको छ । नेपालमा पर्यटन प्रवर्धनको प्रयासको पनि लामै इतिहास छ । त्यस्तै व्यापार विस्तार र व्यापार विविधीकरण पनि नेपालमा धेरै अघिदेखि सुनिँदै आएको नारा हो । तैपनि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति, राष्ट्रिय आवश्यकता, बदलिएको आन्तरिक र बाह्य आर्थिक परिवेश आदिको कारणले सन् १९९० को दशकदेखि आर्थिक कूटनीति घोषित रूपमै परराष्ट्र नीतिको महत्त्वपूर्ण अङ्गको रूपमा सञ्चालन हुँदै आएको छ ।

## हालसम्म भएका प्रयासहरू

नेपाल सरकारले आर्थिक कूटनीतिमा जोड दिने घोषणा गरेसँगै यसको प्रभावकारी सञ्चालनको लागि संस्थागत संरचना लगायतका व्यवस्थाहरूबारे सुझाव दिन उद्धव देव भट्टको संयोजकत्वमा एक उच्चस्तरीय कार्यदल गठन भएको थियो। उक्त कार्यदलले धेरै सुझावहरू दिएको छ । त्यसैगरी सन् २००२ मा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानबाट अध्ययन समिति गठन भएको थियो । पुनः सन् २००६ मा परराष्ट्र मन्त्रालयले गठन गरेको अर्को उच्चस्तरीय कार्यदलले पनि समग्र परराष्ट्र नीतिका साथै आर्थिक कूटनीति सञ्चालन गर्ने सम्बन्धमा पनि विभिन्न सुझावहरू दिएको थियो । त्यस्तै अन्य अध्ययन टोलीहरूले पनि आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउने उपायहरूका बारेमा सुझावहरू दिएका छन् ।

यी अध्ययन टोली र समितिहरूले परराष्ट्र मन्त्रालयको पुनर्संरचना गर्ने, नेपालको कूटनीतिक सेवालाई विस्तार गरी सुदृढ र व्यवस्थित बनाउने, परराष्ट्र मन्त्रालयमा आर्थिक कूटनीति सञ्चालन गर्ने छुट्टै महाशाखाको स्थापना गर्ने, परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूलाई अझ बढी साधन स्रोतसम्पन्न र सक्षम बनाउने, राजनीतिक तहमा समन्वय सुदृढ गर्ने, निजी क्षेत्रलाई प्रोत्साहन गरी

अझ सक्रिय पार्ने, नेपाली उत्पादनहरूको लागि बजारको खोजी गर्ने जस्ता विभिन्न प्रकारका सुझावहरू दिएका छन् ।

नेपालमा आर्थिक कूटनीतिलाई औपचारिक रूपमै घोषणा गरी सञ्चालन गर्न थालेपछि नेपाल सरकारले आर्थिक कूटनीतिले समेट्ने क्षेत्रहरूको पहिचान पनि गरेको छ । यी क्षेत्रहरूमा व्यापार, पर्यटन, वैदेशिक लगानी र प्रविधि हस्तान्तरण, वैदेशिक सहयोग, वैदेशिक रोजगारी, सूचना तथा सञ्चार प्रविधि र गैरआवासीय नेपालीहरू पर्दछन् । यी क्षेत्रहरू नेपालको आर्थिक उन्नतिका लागि अत्यन्त महत्त्वपूर्ण छन् । नेपालको व्यापार घाटा अर्थतन्त्रले धान्न नसक्ने स्तरमा पुगिसकेको छ । यस अवस्थामा निर्यात प्रवर्धन र आयात प्रतिस्थापन नगरी नहुने भएको छ । सम्भावनाको हिसाबले तथा वैदेशिक मुद्रा र रोजगारीको एक महत्त्वपूर्ण स्रोतको रूपमा रहेकोले पनि पर्यटन क्षेत्रको प्रवर्धन नेपालको लागि एक आकर्षक र अपरिहार्य विकल्प हो । विप्रेषणले नै अर्थतन्त्र धानेको हालको नेपालको अवस्था हेर्दा वैदेशिक रोजगारीलाई अझ व्यवस्थित र समस्यामुक्त बनाउनुको विकल्प तत्कालको लागि देखिँदैन । त्यस्तै नेपालको विकास निर्माणमा सरकारी विकास सहायता (ODA) र वैदेशिक लगानीको महत्त्वको बारेमा चर्चा गरिरहनु पनि आवश्यक छैन । गैरआवासीय नेपालीहरूको ज्ञान, सिप, प्रविधि र पुँजी राष्ट्रिय विकासमा उपयोग गर्ने नीति नेपालको संविधानले नै अख्तियार गरेको छ (धारा ५१.घ.१२)। आजको विश्वमा र विशेष गरी विकासोन्मुख मुलुकहरूको लागि प्रविधि हस्तान्तरण पनि अत्यन्त महत्त्वपूर्ण विषय हो । यी क्षेत्रहरूमा प्रभावकारी नीति अपनाई राष्ट्रको विकासमा यिनीहरूको प्रभावकारी उपयोग गर्नु आजको अनिवार्य आवश्यकता हो, यसका लागि सक्रिय आर्थिक कूटनीति सञ्चालन नगरी नहुने भएको छ। विभिन्न अध्ययन टोलीका सुझावहरू तथा आफ्नै अनुभवको आधारमा नेपालको परराष्ट्र मन्त्रालयले आर्थिक कूटनीतिको क्षेत्रमा काम गर्दै आएको छ ।

नेपालको आर्थिक कूटनीति सञ्चालन गर्ने प्रमुख जिम्मेवारी परराष्ट्र मन्त्रालयकै हो । परराष्ट्र मन्त्रालयले आफू र विदेशस्थित नेपाली नियोगहरूमार्फत आर्थिक कूटनीतिसम्बन्धी गतिविधिहरू सञ्चालन गरिएको छ। मन्त्रालयले आर्थिक कूटनीतिसम्वन्धी योजना निर्माणदेखि कार्यान्वयनको सुपरिवेक्षण समेत गर्दछ। यसका साथै नेपालबाट हुने उच्चस्तरीय भ्रमणका अवसरमा विदेशी व्यापारिक समुदायसँग अन्तर्क्रिया गरी आर्थिक हित प्रवर्द्धनको प्रयास पनि गर्दै आएको छ । पर्याप्त साधन र स्रोतको अभावको कारणले आवश्यकताअनुसार र चाहेअनुसारका गतिविधिहरू गर्न नसके पनि विदेशस्थित नेपाली नियोगहरूले सम्भव भएसम्मका क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेका छन् । सरकारले तोकेका क्षेत्रहरूमध्ये पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगारी र गैरआवासीय नेपालीहरूको क्षेत्रमा नेपाली नियोगहरूले सन्तोषजनक रूपमा काम गर्दै आएका छन् । विशेषगरी २०७२ सालको महाभूकम्पपश्चात् पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभाव हटाई पर्यटनलाई पूर्ववत् अवस्थामा ल्याउन नेपाली नियोगहरूले प्रशंसनीय भूमिका खेलेका थिए ।आर्थिक कूटनीतिका अन्य क्षेत्रहरू, जस्तै वैदेशिक लगानी, प्रविधि हस्तान्तरण, विकास

सहायता आदिको क्षेत्रमा भने हाम्रो आर्थिक कूटनीति त्यति प्रभावकारी हुन सकेको छैन । नियोग रहेको मुलुक हेरेर खास क्षेत्रहरूलाई बढी जोड दिइए पनि अझसम्म आर्थिक कूटनीतिअन्तर्गतका कार्यक्रम र क्रियाकलापहरूलाई पूरै मात्रामा मूलप्रवाहीकरण गर्न सकिएको छैन ।

नेपालमा आर्थिक कूटनीति सञ्चालन गर्न अन्य सङ्गठनात्मक र कानुनी व्यवस्थाहरू पनि भएका छन् । राष्ट्रिय योजना आयोग, क्षेत्रगत मन्त्रालयहरू, विभिन्न बोर्डहरू (पर्यटन बोर्ड, वैदेशिक रोजगार बोर्ड, लगानी बोर्ड, व्यापार प्रवर्द्धन बोर्ड, आदि), नीति अनुसन्धान प्रतिष्ठान, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान जस्ता अनुसन्धान संस्थाहरू, निजी क्षेत्रका व्यापारिक संस्थाहरू (नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, चेम्बर अफ कमर्स, होटल र पर्यटन व्यवसायसँग सम्बन्धित संस्थाहरू, आदि) पनि आ-आफ्नै हिसाबले आर्थिक कूटनीतिको क्षेत्रमा क्रियाशील छन् । सरकारले आर्थिक कूटनीतिलाई मद्दत पुग्ने हिसाबका कानुनी संरचनाहरू पनि तयार गरेको छ । वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक उद्यम ऐन, लगानी नीति, वाणिज्य नीति, पर्यटन नीति, आदि व्यवस्थाहरू यसका उदाहरणहरू हुन । आर्थिक कूटनीतिसम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न एवम् आर्थिक कूटनीतिलाई समग्रमा दिशानिर्देश गर्न परराष्ट्र मन्त्रीको अध्यक्षतामा उच्चस्तरीय समिति पनि गठन भएको छ । यस समितिमा नेपाल सरकारका क्षेत्रगत निकायहरूका साथै निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने व्यवस्था छ।

आर्थिक कूटनीतिको अर्को राम्रो पक्ष भनेको अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रचार प्रसार हो । आर्थिक कूटनीतिका कार्यक्रमहरूअन्तर्गत हाम्रा नियोगहरूले नेपालको प्राकृतिक सौन्दर्य, लुम्बिनी र सगरमाथा जस्ता विश्वप्रसिद्ध स्थलहरू तथा नेपालको संस्कृतिलगायतका विभिन्न पक्षहरूबारे प्रचार प्रसार गर्दै आएका छन् । यी कार्यक्रमहरूबाट अन्तर्राष्ट्रिय जगतमा नेपालको राम्रो छवि निर्माण भै नेपालको सौम्य शक्ति (Soft Power) पनि प्रवर्द्धन भएको छ । यो पनि आर्थिक कूटनीतिको अप्रत्यक्ष तर महत्त्वपूर्ण उपलब्धि हो ।

## अगाडिको बाटो

झण्डै तीन दशकको प्रयास भएपनि आर्थिक कूटनीतिको क्षेत्रमा नेपालले गर्नुपर्ने जति काम गर्न सकेको छैन । आर्थिक कूटनीतिलाई साँच्चै नै प्रभावकारीरूपमा सञ्चालन गरी त्यसबाट राष्ट्रिय हितमा आशातित सफलता प्राप्त गर्न योजनाबद्ध, व्यवस्थित र प्रतिबद्ध कार्यक्रमहरूको आवश्यकता छ । नेपाल जस्ता विकासोन्मुख मुलुकहरूको लागि किशन सिंह रानाले आर्थिक कूटनीतिका चार ओटा चरणहरू सुझाएका छन् (Rana, 2017) । ती चरणहरू नेपालको लागि पनि उपयोगी हुने देखिन्छ ।

### १) *आर्थिक बिक्री कौशल* (Economic Salesmanship)

आर्थिक बिक्री कौशलअन्तर्गत मुख्य रूपमा मुलुकको निर्यात प्रवर्द्धन तथा नेपाली कम्पनीहरूलाई अन्य

मुलुकहरूमा व्यापार, ठेक्कापट्टा लगायतका आर्थिक अवसरहरू जुटाइदिनु पर्दछन् । हातका औंलाहरूमा गन्न पनि नपुग्ने थोरै व्यापारिक घरानाहरूमात्र विदेशी मुलुकमा व्यापार व्यवसाय गरिरहेका नेपाल जस्ता मुलुकहरूको लागि तत्कालको लागि त्यति महत्त्वपूर्ण नदेखिए पनि कालान्तरमा यो विषय निकै महत्त्वपूर्ण हुनेछ । नेपाली व्यापारिक घरानाहरूलाई विदेशमा अवसरहरू जुटाइदिन सरकारले प्रयास गर्नुपर्दछ । त्यसैगरी वैदेशिक रोजगारी, वैदेशिक लगानी, पुँजीको उपलब्धता र प्रविधि हस्तान्तरण जस्ता क्षेत्रहरूमा अर्थात् जुन गतिविधिबाट नेपालको व्यापार बढ्छ र नेपाली व्यापारिक समुदायले विदेशमा अवसर पाउँछन् त्यस्ता गतिविधिहरूमा सरकारी ध्यान जानु र प्रयास हुनु आवश्यक छ ।

### *२) आर्थिक सञ्जाल* **(Networks)** *को निर्माण र वकालत* ***(Advocacy)***

यसअन्तर्गत स्वदेशमा र विदेशमा आर्थिक र व्यापारिक सञ्जालको निर्माण, मुलुकमा उपलब्ध अवसरहरूको प्रचार प्रसार तथा नेपाल जस्ता राष्ट्रहरूको हितको लागि अन्तर्राष्ट्रिय क्षेत्रमा गरिने वकालत पर्दछन् । नेपाल सरकारले पनि स्वदेशमा व्यापारिक संस्थाहरूको निर्माण गरी सरकारसँग सहकार्यको व्यवस्था मिलाउने, ती सङ्घसंस्थाहरूको लागि विदेशी सङ्घ संस्थाहरूसँग सहकार्य गर्ने वातावरण तयार गरी प्रोत्साहित तथा सहजीकरण गर्ने, नेपालमा प्राप्त आर्थिक र व्यापारिक अवसरहरूको बारेमा अन्तर्राष्ट्रिय जगतमा व्यापक प्रचार प्रसार गर्ने आदि कार्यहरू गर्नुपर्दछ । नेपाल उद्योग वाणिज्य महासङ्घ र केही वाणिज्य सङ्घहरू (Chambers of Commerce and Industry) भए पनि तिनीहरूलाई अझ सक्रिय बनाउनु आवश्यक छ । निजी क्षेत्रका यस्ता सङ्घसंस्थाहरूको अन्य मुलुकका सङ्घ संस्थाहरूसँगको सहकार्य पनि खासै अर्थपूर्ण र प्रभावकारी हुन सकेको छैन । यस कार्यमा विदेशस्थित नेपाली नियोगहरूले सक्रिय भूमिका खेल्नुपर्छ, र खेल्न सक्छन् । त्यसैगरी, नेपालमा प्रस्तावित ठुला ठुला आयोजनाहरूका बारेमा विदेशी कम्पनीहरूलाई जानकारी दिई प्रतिस्पर्धामा सहभागी हुने वातावरण सिर्जना गर्ने कार्यमा पनि हाम्रा नियोगहरूले अर्थपूर्ण भूमिका खेल्न सक्छन् ।

### *३) छवि निर्माण* ***(Image Building)***

सफल आर्थिक कूटनीतिको लागि राष्ट्रको राम्रो छवि निर्माण हुनु अत्यावश्यक छ । छवि निर्माण छोटो अवधिमा र सानो प्रयासले हुने कार्य होइन । यसको लागि इमान्दार र मेहनती जनता, विश्वासिलो सरकार, नीतिगत र कानुनी निरन्तरता, पारदर्शिता र धेरै वर्षको मेहनत आवश्यक पर्छ । देशको छवि निर्माण गर्ने कार्यमा सरकार र जनता दुवैको उत्तिकै सक्रिय भूमिका हुनुपर्दछ । यसैबाट देशका उत्पादनहरूको ब्राण्डिङ हुन्छ, अन्तर्राष्ट्रिय जगतको विश्वास बढ्छ र अन्ततः राष्ट्रको आर्थिक उन्नति हुन्छ। अहिले पनि हामीहरूमाझ जापान, जर्मनीलगायतका मुलुकहरूमा निर्मित सामानहरूप्रतिको विश्वास यही छवि निर्माणको प्रतिफल हो । राम्रो छवि निर्माण भएपछि निर्यात व्यापार बढ्ने मात्र नभई पर्यटन र वैदेशिक लगानीको प्रवर्द्धनमा पनि ठुलो टेवा पुग्न जान्छ । यसबाट समग्र रूपमा आर्थिक कूटनीतिमा नै सकारात्मक प्रभाव पर्दछ ।

***४) कानुनी व्यवस्था र स्रोत परिचालन (Regulatory Management and Resource Mobilization)***

यसअन्तर्गत अन्तर्राष्ट्रिय क्षेत्रमा गरिने कानुनी र नियमगत व्यवस्था तथा स्रोत परिचालन पर्दछन् । द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार सम्झौताहरू (Trade Agreements), अन्य बहुपक्षीय आर्थिक सङ्गठन तथा सन्धि सम्झौताहरूको सदस्यता, विश्व व्यापार सङ्गठन र अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता बहुपक्षीय संयन्त्रहरूमा सक्रिय र प्रभावकारी भूमिका तथा विकासोन्मुख मुलुकहरूले पाउने अन्य सुविधाहरू (Preferential Treatment) पनि यसैअन्तर्गत पर्दछन् । हाम्रो सन्दर्भमा सार्क र बिम्स्टेक जस्ता क्षेत्रीय र BBIN जस्ता उपक्षेत्रीय संयन्त्रहरू, विकासको लागि पुँजी (Financing for Development) र ऋण मोचन (Debt Relief) जस्ता व्यवस्थाहरू यसै शीर्षकअन्तर्गत आउँछन् । द्विपक्षीय र बहुपक्षीय स्तरमा सहमति भई कायम भएका व्यवस्थानुरूप मात्र हाम्रा जस्ता मुलुकहरूले सुविधा पाउने हुनाले यस्ता मञ्चहरूमा एक्लै वा अरु राष्ट्रहरूसँग मिलेर हस्तक्षेपकारी भूमिका खेल्ने वातावरण निर्माण गरी ती प्रावधानहरूबाट फाइदा लिनु नै आर्थिक कूटनीतिको उद्देश्य हो ।

प्रा. सूर्य प्रसाद सुवेदीले आर्थिक कूटनीतिअन्तर्गत फाइदा लिनसक्ने केही अन्य क्षेत्रहरू पनि पहिचान गर्नुभएको छ (Subedi, 2021)। ती क्षेत्रहरूमा नेपालले अति कम विकसित राष्ट्रको हैसियतले प्राप्त हुने व्यापार सुविधा अझ राम्रोसँग उपभोग गर्ने, आगामी दिनहरूमा नेपाल जस्ता उच्चभूमि भएका देशहरू वैदेशिक लगानीको लागि आकर्षक हुनसक्ने (जलवायु परिवर्तन र विश्व तापमानमा हुने वृद्धिको कारणले बाढी, आँधीबेहरीको असर कम हुने भएकोले), नेपाल एक असंलग्न मुलुक भएकोले अन्तर्राष्ट्रिय सम्बन्ध र अन्तर्राष्ट्रिय कानुनसम्बन्धी संस्थाहरूको क्षेत्रीय केन्द्र बन्नसक्ने सम्भावना, नेपाललाई अन्तर्राष्ट्रिय वित्तीय केन्द्रको रूपमा विकास गर्ने सम्भावना तथा पश्चिमी मुलुकहरूबाट मात्र नभै चीन र भारतबाट समेत लाभकारी कामहरू नेपालमा Outsourcing हुने सम्भावना आदि पर्दछन् ।

## आधारभूमिको तयारी

हाम्रो सन्दर्भमा माथि उल्लेखित कुराहरूका अतिरिक्त आधारभूमि तयार पार्नु पनि आवश्यक छ । आर्थिक कूटनीति सञ्चालन गर्ने परराष्ट्र मन्त्रालय र बिदेशस्थित नेपाली नियोगहरू अझ पनि सशक्त र साधन स्रोत सम्पन्न हुन सकेका छैनन् । त्यसैगरी दक्ष कर्मचारीहरूको अभाव पनि अर्को खड्किने विषय हो । यी समस्याहरूको समाधानको लागि परराष्ट्र मन्त्रालय र नियोगहरूको संस्थागत सुदृढीकरण र कर्मचारीहरूको लागि सैद्धान्तिक तथा व्यावहारिक तालिमको व्यवस्था नगरी नहुने भएको छ ।

निजी क्षेत्र आर्थिक कूटनीतिको एक प्रमुख सहभागी, कर्ता र लाभग्राही हो । तसर्थ आर्थिक कूटनीतिको कार्यान्वयनमा पनि निजी क्षेत्रको सक्रिय सहभागिता हुनु अनिवार्य छ । सरकारी र निजी क्षेत्रको स्वत:स्फूर्त सहभागिता र सहकार्य विना आर्थिक कूटनीति सम्भव छैन । यसका साथै हामीहरूले बुझ्नुपर्ने अर्को कुरा के पनि हो भने आर्थिक कूटनीति परराष्ट्र मन्त्रालयको मात्र जिम्मेवारी होइन, परराष्ट्र

मन्त्रालयको प्रयासले मात्र आर्थिक कूटनीतिको सफल कार्यान्वयन हुन सक्दैन। नेपालमा क्षेत्रगत मन्त्रालय र अन्य निकायहरूमा परराष्ट्र मन्त्रालयसँग सहकार्य गर्ने स्वतःस्फूर्त जागरुकता अझ पनि देखिएको छैन । बरु आफ्नो निकायसँग सम्बन्धित विषयमा आफू एक्लै हिंड्न रुचाउने प्रवृत्ति अझै पनि कायम छ । परराष्ट्र मन्त्रालयको नेतृत्वमा सबै सरकारी निकायहरूको प्रतिबद्ध प्रयास भए मात्र आर्थिक कूटनीतिबाट अपेक्षित परिणाम प्राप्त हुन सक्दछ । यसतर्फ सबै सरकारी निकायहरूको समझदारी अपेक्षित छ ।

यसै प्रसङ्गमा एउटा कुरा जोड्नु आवश्यक छ । हामी नेपालीहरू हिनग्रन्थीबाट आवश्यकताभन्दा बढी नै प्रभावित भए जस्तो देखिन्छ । हामीहरूले द्विपक्षीय र बहुपक्षीय रूपमा आफ्नो अधिकार स्थापित गर्नुभन्दा अरुबाट दया र सहानुभूतिको अपेक्षा बढी गर्दछौं । त्यो गलत तरिका हो । आर्थिक कूटनीतिमा मात्र होइन समग्र कूटनीति मै हामीहरूले पनि झाङ्ग स्याओतोङ्गले सुझाए झैं विशेष परिस्थिति र अवस्थामा 'संयोजन' (Linkages) र 'पारस्परिकता' (Reciprocity) को नीति आवश्यकतानुसार अवलम्बन गर्नुपर्दछ । यसो भनेर सबैसँग निहुँ खोज्दै हिंड्ने पटक्कै होइन; तर सँधैभरी अरुको अगाडि दाँत ङिच्च पारेर दया खोज्दै हिंडेर राष्ट्रको आर्थिक उन्नति वा नेपालको संविधानले निर्दिष्ट गरेअनुरूप अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको छवि उज्ज्वल बनाउने उद्देश्य प्राप्त हुन सक्दैन।

## निष्कर्ष

नेपालजस्तो विकासोन्मुख मुलुकको आर्थिक उन्नतिको लागि र समग्रमा राष्ट्रिय समृद्धिको लागि आर्थिक कूटनीतिको सफल सञ्चालन अपरिहार्य छ । नेपालले आर्थिक कूटनीतिको क्षेत्रमा झण्डै तीन दशकदेखि प्रयास गरिएको भए पनि आर्थिक कूटनीतिलाई राष्ट्रिय विकासको सशक्त माध्यम बनाउन अझै धेरै प्रयास गर्न बाँकी नै छ । अन्तर्राष्ट्रिय सहयोग, वैदेशिक पुँजी र प्रविधि, निर्यात प्रवर्धन र आयात प्रतिस्थापन जस्ता अत्यन्त महत्त्वपूर्ण क्षेत्रहरूलाई राष्ट्रिय आवश्यकतानुसार परिचालन गर्न नसक्दासम्म हाम्रो राष्ट्रिय समृद्धिको सपना साकार हुन सक्दैन । यसको लागि परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली नियोगहरूको सुदृढीकरण, हाम्रा कूटनीतिक कर्मचारीहरूलाई सैद्धान्तिक र व्यावहारिक तालिम, प्रयाप्त साधन र स्रोतको व्यवस्था एवम् सरकारी तथा निजी क्षेत्रको घनिष्ठ सहकार्य अत्यन्त आवश्यक छ । त्यसको साथै नेपाल सरकारका सबै निकायहरूको प्रतिबद्धता, समन्वय र सहकार्य पनि सफल आर्थिक कूटनीतिको पूर्वसर्त हो । आन्तरिक रूपमा आधारहरू तयार गरी माथि सुझाइए जस्तै आर्थिक बिक्री कौशल, आर्थिक र व्यापारिक सञ्जालको निर्माण, यथेष्ट प्रचार प्रसार, छवि निर्माण र कानुनी व्यवस्थाको क्षेत्रमा गम्भीरता र प्रतिबद्धताका साथ व्यवस्थित तरिकाले लागिपरे आर्थिक कूटनीति मुलुकको सर्वाङ्गीण विकासको लागि साँच्चै नै उपयोगी माध्यम बन्न सक्नेछ ।

## सन्दर्भ सामग्री

Acharya, G. C., & Adhikari, K. N. (2021). *Preparing for Nepal's graduation from the LDC category* [PRI Publication No. 022]. Policy Research Institute.

Berridge G. R. and James A. (2003). *Dictionary of diplomacy*. (2nd Edition). Palgrave Macmillan.

*Constitution of Nepal, 2015*. Available at www.lawcommission.gov.np.

Ministry of Foreign Affairs (2077). *Foreign policy, 2077*. Retrieved www.mofa.gov.np/foreignpolicy. Accessed on 14 September 2022.

Okano-Heijmans M. (2011). Conceptuaslizing economic diplomacy: the crossroads of international relations, economics, IPE and diplomatic studies. *The Hague Journal of Diplomacy, 6* (1-2). 17.

Rana, K. S. (2017). Serving the Private Sector: India's Economic Diplomacy in *The New Economic Diplomacy: Decision-making and Negotiation in International Economic Relations* (Fourth Edition) (2017). Nicholas Bayne and Stephen Woolcock (Eds). Routledge.

Report of the Committee on Indian Foreign Service (The Report submitted by N. R. Pillai)). Ministry of External Affairs-report-india-1966. Available at: https://indianculture.gov.in/report-committee-indian-foreign-service-0. Accessed on 12 September 2022.

Subedi, S. P. (29 November 2021). Economic diplomacy for Nepal. *The Kathmandu Post*. Available at https://tkpo.st/36h4ThI. Accessed on 21 September 2022

*The Plowden Report on Representational Services Overseas. HL Deb 07 April 1964 vol 257 cc39-128*. https://api.parliament.uk/historic-hansard/lords/1964/apr/07/the-plowden-report-on-representational-1. Accessed on 12 September 2022

Woolcock S. and Byane, N. (2013). Economic Diplomacy . In Andrew Cooper, Jorge Haine and Ramesh Thakur. *The Oxford Handbook of Modern Diplomacy* (pp. 386-401). Oxford University Press.

Xiaotong Zhang (2017): "Conceptualizing China's Economic Diplomacy: Conversion between Wealth and Power" in The New Economic Diplomacy: Decision-making and Negotiation in *International Economic Relations* (Fourth Edition) (2017). Nicholas Bayne and Stephen Woolcock (Eds). Routledge.

Yi, Lu (2004) as quoted by Zhang Xiaotong: "Conceptualizing China's Economic Diplomacy: Conversion between Wealth and Power" in *The New Economic Diplomacy: Decision-making and Negotiation in International Economic Relations* (Fourth Edition) (2017). Nicholas Bayne and Stephen Woolcock (Eds).

Zhao Kejin (2011). The Rise of Economic Diplomacy: Substances, Institutions and Trends (quoted by Zhang Xiaotong: "Conceptualizing China's Economic Diplomacy: Conversion between Wealth and Power" in *The New Economic Diplomacy: Decision-making and Negotiation in International Economic Relations* (Fourth Edition) (2017). Nicholas Bayne and Stephen Woolcock (Eds). Routledge.